फलेवास नगरपालिका

# फलेवास नगर कार्यपालिकाको राजपत्र

खण्ड : ३ संख्या : ५ मितिः २०७७/०५/१८

**भाग-२**

**फलेवास नगर कार्यपालिका**

## फलेवास नगरपालिका भित्रका सडकहरुको संरक्षणको लागि सडक संरक्षण कामदार परिचालन सम्वन्धी कार्यविधि, २०७७

कार्यपालिकावाट स्वीकृत मिति :२०७७/०३/२७

### प्रस्तावनाः

फलेवास नगर कार्यपालिकाद्धारा नगर क्षेत्र भित्रका ११ वटै वडामा निर्माण गरिएका सडकहरुमा वर्षा तथा अन्य कारणबाट हुने सडक क्षतिलाई रोकथाम तथा सडकहरुको मर्मत सम्भार गर्न सडक संरक्षण कार्यमा कामदारहरु ज्यालादारीमा परिचालन गर्ने गरी फलेवास नगरपालिकाको कार्य सम्पादन नियमावली, २०७४ को नियम ३० ले दिएको अधिकार प्रयोग गरी फलेवास नगर कार्यपालिकाले यो सडक संरक्षणको लागि मर्मत सम्भार कामदार परिचालन सम्वन्धी कार्यविधि, २०७७ जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम फलेवास नगर कार्यपालिकाको सडक संरक्षणको लागि मर्मत सम्भार कामदार परिचालन सम्वन्धी कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि फलेवास नगर कार्यपालिकाले निर्णय गरे पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अको अर्थ नलागेमा यस कार्यविधिमाः

(क) अध्यक्ष भन्नाले सम्वन्धित वडाको वडाध्यक्ष सम्झनु पर्दछ ।

(ख) अनुगमन समिति भन्नाले सडक संरक्षण कार्यको लागि सम्वन्धित वडामा गठन गरिएको अनुगमन समिति सम्झनु पर्नेछ ।

(ग) श्रमीक भन्नाले सम्वन्धित वडाले आफ्ना सडकहरु संरक्षण गर्न खटाएका व्यक्तिहरु सम्झनु पर्दछ ।

(घ) कार्यालय भन्नाले फलेवास नगर कार्यपालिकाको कार्यालयलाई बुझाउंछ ।

(ङ) कार्यपालिका भन्नाले फलेवास नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(च) वडा कार्यालय भन्नाले फलेवास नगरपालिकाका वडा कार्यालय सम्झनु पर्दछ ।

(छ) सम्झौता भन्नाले सम्वन्धित वडा र सडकको संरक्षण गर्न खटाइएका कामदारहरु वीचको सम्झौता सम्झनु पर्दछ ।

## ३. **कार्यविधिको पालना गर्नुपर्ने** :

(१) नगर कार्यपालिकाको कार्यालय, वडा समिति, वडा कार्यालय, अनुगमन समिति, नियुक्त भएका सडक संरक्षण कामदार सवैले पूर्णरुपमा यो कार्यविधिको पालना गर्नु पर्दछ ।

## ४. **कार्यविधिको उद्देश्यः**

१. नगरपालिका क्षेत्र भित्र रहेका सडकहरु नियमित मर्मत सम्भारको लागि आवश्यक कार्यहरु गर्ने । वर्षातको समयमा सडकमा हुने क्षति, भुक्षय, बाढिले पुर्ने, खोल्ने, लगायतका कार्यवाट सडकको संरक्षण गरी अद्यावधिक अवस्थामा राख्न सहयोग गर्ने ।

२. सडक सम्पतिको संरक्षण गर्ने ।

३. हाल सम्म नगर क्षेत्रभित्र निर्माण भएका सडकहरुमा सवारी आवागमन सुचारु गर्ने वातावरण बनाउने,

## ५. **सडक संरक्षण कामदारको छनौट र सम्झौता** :

१. वडा समितिको निर्णयवाट श्रमिकहरु छनौट गर्नु पर्नेछ ।

२. १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको स्वस्थ स्थानीय व्यक्ति छनौट गर्नुपर्नेछ ।

३. प्रत्येक वडामा सडकको अवस्थाका आधारमा आवश्यकता परेको समयमा परिचालन गर्ने गरी बढिमा ६ जना सम्म ज्यालादारीमा कार्य गराउन सडक मर्मत सम्भार कामदार छनौट गरी अनुसूची १ बमोजिमको सम्झौता गरी राख्नु पर्नेछ ।

४. कामदार राख्ने वडा समितिको प्रमाणित निर्णय र सम्बन्धित कामदारसँग गरिएको सम्झौताको एक प्रति सक्कल कार्यालयमा तुरुन्त पठाउनु पर्नेछ ।

५. यसरी छनौट गरिएका कामदारहरुलाई वडाको आवश्यकताको आधारमा प्रत्येक महिनामा बढिमा १५ दिन सडक मर्मत तथा संरक्षण कार्यमा खटाउन सकिनेछ । यसरी काममा लगाउँदा आवश्यक संख्यामा मात्र कामदारलाई काममा लगाउनु पर्नेछ ।

६. प्रत्येक पटक कामदारलाई काममा लगाउनु पूर्व लिखित रुपमा कामदार परिचालन गर्न लागिएको सडक खण्ड र अनुमानित कामदार संख्या र दिन उल्लेख गरी कार्यालयमा जानकारी गराउनु पर्नेछ ।

## ६. **भुक्तानी प्रकृयाः**

१. काममा खटाइएका श्रमिकहरुको भुक्तानी नगर कार्यपालिकाको कार्यालयवाट हुनेछ ।

२. ज्याला भुक्तानी गर्दा अदक्ष श्रमिकको नगरको स्वीकृत दररेट अनुसार भुक्तानी हुनेछ ।

३. नियमानुसार दैनिक ज्याला वाहेक अन्य थप सुविधा उपलब्ध हुनेछैन ।

४. सम्वन्धित वडाले काम गरेको दिनको हाजिरी दुरुस्त गरी राख्ने र महिनाको अन्तिममा वडाको सिफारिस सहित नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

५. श्रमिकले पाउने ज्यालामा नियमानुसारको सामाजिक सुरक्षा कर लाग्नेछ ।

६. भुक्तानी दिँदा वडा कार्यालयको सिफारिसको आधारमा सम्बन्धित कामदारको बैंक खाता मार्फत भुक्तानि दिईनेछ ।

## ७. मर्मत सम्भार क्रियाकलापः

सडक संरक्षण कार्यको लागि खटाइएका श्रमिकहरुद्धारा सम्पादन गर्नुपर्ने कार्यहरु देहाय अनुसार हुनुपर्नेछ ।

१ सडकमा रहेका खाल्डा खुल्डी पुर्ने, नाली बनाई पानी कटाउने, पुरीएको नाली सफा गर्ने र पानीको निकास दिने कार्य,

२ सुख्खा ढुंगा विछ्याउने, रोडा विछ्याउने, हल्का सोलिंग गर्ने कार्यहरु गर्ने,

३ कच्ची नाली खन्ने र पानीको भल पन्छाउने,

४ झाडिहरु सफा गर्ने, कसिंगर, मुडाहरु, खसेका ढुंगाहरु र अवरोध गर्ने खालका झारपात सफा गर्ने,

५ साना पहिरोहरु पन्छाउने,

६ साना तिना टेवा पर्खाल लगाई पानीको भल तर्काउने, नाली खन्ने र भुक्षयको अवस्थामा सडक संरक्षणको कार्यहरु गर्ने ।

७ वडा कार्यालय संग समन्वय गरी खटाएका सडक संरक्षण सम्वन्धी आवश्यक कार्यहरु गर्ने,

## ८. औजार तथा सुरक्षाका उपायहरुः

१ सडक संरक्षण कार्यको लागि यस अगाडि प्रयोग भएका वडामा स्टक रहेका औजारहरुको प्रयोग गर्नुपर्ने,

२ सुरक्षाका सामाग्रीहरु वडा कार्यालयसंग समन्वय गरी प्रयोग गर्नुपर्ने ।

## ९. अनुगमन तथा निरीक्षणः

१ वडा स्तरमा अनुगमन समिति गठन गरी नियमित अनुगमन गर्न सकिनेछ । तर अनुगमन समिति गठन नगरी वडा सदस्य तथा वडा कार्यालयमा कार्यरत कर्मचारीलाई नियमित जिम्मेवारी तोकी अनुगमन गराउन यस कार्यविधिले वाधा पर्ने छैन ।

२ नगर कार्यपालिकाको कार्यालयवाट समेत सडक मर्मत सम्भार कार्यको अनुगमन गरिनेछ ।

३ नगर कार्यपालिकाको कार्यालयद्धारा कुनैपनि कर्मचारी, कार्यपालिका सदस्य तथा नगर सभा सदस्यलाई खटाई अनुगमन गर्न सकिनेछ ।

## १०. श्रमिक व्यवस्थापन र परिचालनः

१ सम्वन्धित वडासमिति र वडा कार्यालयद्धारा संरक्षण गर्नुपर्ने सडकहरु पहिचान गरी तत्काल सडक संरक्षण कार्यमा श्रमिक परिचालन गर्नुपर्नेछ ।

२ सडक संरक्षण कार्यको व्यवस्थापन गर्ने र श्रमिक परिचालन गर्ने, हाजिरी राख्ने, कामको साइट तोक्ने कार्य वडा कार्यालयवाट गर्नुपर्नेछ ।

३ ठूलो र बढि श्रमिक आवश्यकता पर्ने तथा ठूलो परिमाणको कार्यमा खटाउनु पर्ने अवस्थामा नगर कार्यपालिकाद्धारा प्राविधिक कर्मचारी खटाई वांकी कार्यको छुट्टै व्यवस्थापन गर्न सकिनेछ ।

## ११. थपघट र वाधा अड्काउ फुकाउः

(१) यस कार्यविधिमा थपघट, संशोधन र वाधा अड्काउ सम्वन्धी अधिकार नगर कार्यपालिकाको हुनेछ,

## अनुसुची १

# सम्झौता-पत्र

फलेवास नगरपालिका वडा नं .... (यस पश्चात प्रथम पक्ष भनिएको) र यसै वडाको ................. टोल निवासी श्री ......................................... (यस पश्चात दोस्रो पक्ष भनिएको) बीचमा यस वडा भित्रका तोकिएका सडकहरुमा आकस्मिक मर्मत सम्भर कार्य गर्ने गरी तपसिलमा उल्लिखित शर्त पालन गर्न मन्जुर भई मिति देखि ........................... मिति ...................... सम्म लागु हुने गरी यो सम्झौता पत्रमा सहि छाप गरी लिने दिने गरियो ।

**सम्झौताका शर्तहरुः**

**प्रथम पक्षको भूमिकाः**

१. दुई पक्षीय सम्झौता गर्ने र वडा कार्यालयमा अभिलेख राख्ने ।

२. आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने । दोस्रो पक्षलाई काम गर्ने स्थान तोक्ने ।

३. दोस्रो पक्षको कामको नियमित अनुगमन गर्ने ।

४. दोस्रो पक्षको नियमित हाजिरी राखी महिनाको अन्तिममा भुक्तानीको लागि सिफारिस सहित नगर कार्यपालिकाको कार्यालयमा बुझाउने ।

५. छनौट सम्बन्धी निर्णय, सम्भौता पत्र, श्रमिकको विवरण र आवश्यक कागजात संकलन गरी नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

६. फलेवास नगरपालिका भित्रका सडकहरुको संरक्षणको लागि सडक संरक्षण तथा मर्मत सम्भार कामदार परिचालन सम्वन्धी कार्यविधि, २०७७ को पूर्णरुपमा पालना गर्ने ।

७ यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**दोस्रो पक्षको भूमिका :**

१. प्रथम पक्षले तोकेको क्षेत्र र मितिमा दैनिक कम्तिमा ८ घण्टाको दरले सडक संरक्षण कार्य गर्नुपर्नेछ ।

२. तोकिएका सडकमा भएका खाल्डा खुल्डी पुर्ने, नाली बनाउने र पानी तथा भलको निकाश दिने, खोल्साखोल्सी पुर्ने, झाडी तथा अवरोध गर्ने खालका झारपात, सडकमा भएका मुढाहरु, ढुंगाहरु लगायतका अवरोध सुजना गर्ने बस्तु हटाउने, खाल्डाखुल्डीमा ढुंगा खोजी सामान्य सोलिंगको काम गर्ने, नालीहरु सफा गर्ने लगायतका सडक संरक्षण र मर्मतका कार्यहरु गर्ने ।

३. दैनक काम गरेको विवरण राख्ने तथा प्रथम पक्षलाई उपलब्ध गराउने ।

४. सडकमा भएका सामान्य खालका पहिरोहरु पन्छाउने ।

५. सडक हुनसक्ने भुक्षय रोक्नको लागि सचेतनाकालागि आवश्यक कार्यहरु गर्ने ।

६. फलेवास नगरपालिका भित्रका सडकहरुको संरक्षणको लागि सडक संरक्षण तथा मर्मत सम्भार कामदार परिचालन सम्वन्धी कार्यविधि, २०७७ को पूर्णरुपमा पालना गर्ने ।

**दोस्रो पक्षको तर्फवाट**

नाम :-

पद :-

सही :-

**प्रथम पक्षको तर्फवाट**

नाम :-

पद : वडाध्यक्ष

सही :-

कार्यालयको छापः

**रोहवर**

नाम :-

पद : वडा सचिव

सही :-

आज्ञाले,

मुक्तिराम रिजाल

प्रमुख प्रशासकीय अधिकृत